सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


प.सं. २०८२/८३
च.नं. ६६८

मितिः- २०८२।०८।११

श्री विद्यालयहरु (सबै),
सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.)।

**विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा।**

चालु शैक्षिक सत्र २०८२ मा १८ वर्ष मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्र/छात्राहरु बीच स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ अन्तर्गत सरावल गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८२/०८/०९ गतेको निर्णयानुसार मिति २०८२ मंसिर २६ गतेदेखि २९ गतेसम्म श्री महेन्द्र जनता माध्यमिक विद्यालय सरावल-६, गडौरीको प्राङ्गणमा देहाय अनुसार पाँचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकोले प्रतियोगितामा सहभागी हुन सरावल गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौ संशोधन सहित) को अनुसूची-१ अनुसार फाराम भरी आवश्यक कागजातहरु सहित रीतपूर्वक प्रतियोगिता सञ्चालन हुने विद्यालयमा मिति २०८२ मंसिर २४ गते दिनको ४:०० बजेभित्र सहभागी खेलाडीहरुको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरुलाई यसै सूचनाद्धारा अनुरोध गरिन्छ।

**सञ्चालन हुने खेलहरुः**

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, को अनुसूची-४, बमोजिम सञ्चालन हुने खेलहरुः**

१. भलिबल तर्फः छात्र/छात्रा

२. कबड्डी तर्फः छात्र/छात्रा

३. एथ्लेटिक्सः

क) दोड (ट्रयाक) तर्फः

छात्रः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४ x १०० मि. रिले, ४x४०० मि. रिले।

छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४x१०० मि. रिले, ४x४०० मि. रिले।

ख) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउन्ड।

छात्राः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटपुट ८ पाउन्ड।

**खेल अवधिमा खेलाडीको व्यवस्थापन लगायतका विषयमा विद्यालयले देहाय अनुसार गर्नुपर्नेछः**

क) प्रत्येक विद्यालयबाट १ पुरुष र १ महिला संरक्षक शिक्षक विद्यार्थीका साथमा अनिवार्य सहभागी हुनुपर्नेछ।

ख) स्वास्थ्यको मापदण्ड पालना गर्नुपर्ने भएकोले प्रत्येक विद्यालयवाट प्रधानाध्यापक, खेल शिक्षक तथा सहभागी खेलाडीहरुले विद्यालयको झण्डा सहित औपचारिक पोसाकमा अनिवार्य रुपमा मार्चपासमा भाग लिनु पर्नेछ।

ग) खेलाडी विद्यार्थीहरुलाई अनुशासित, मर्यादित, संयमित र सुरक्षित रुपमा खेल प्रतियोगितामा सहभागी गराउन आवश्यक सम्पूर्ण व्यवस्था गर्नुपर्नेछ।

प्रमोद यादव
शिक्षा अधिकृत




Website:https://sarawalmun.gov.np, Email:info@sarawalmun.gov.np/it.sarawalmun@gmail.com, Contact 9857046266

घ) संरक्षक शिक्षक मध्ये १ जनालाई समूह व्यवस्थापकको जिम्मेवारी सहित विद्यालयले सहभागीहरुको नामावली मंसिर २४ गते भित्र श्री महेन्द्र जनता माध्यमिक विद्यालय गडौरीमा उपलब्ध गराउनु पर्नेछ।

निर्देशनः

क) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्ट्समा १/१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा १/१ खेलाडीलाई सहभागी गराउन सक्नेछन्। एथ्लेटिक्स् इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्याक वा दुई फिल्ड एक ट्याकमा भाग लिन पाउने छन्। साथै एथ्लेटिक्सका सबै दोडहरु टाइमबेसको आधारमा गरिनेछ।

ख) प्रत्येक विद्यालयले भलिबल र कबडी खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरु पठाउन सक्नेछन्।

ग) चालु शैक्षिक सत्र २०८२ मा गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका विद्यार्थीहरु मात्र प्रतियोगितामा सहभागी हुन पाउने छन्।

घ) अन्तराष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन।

ङ) प्रतियोगितामा सहभागी हुनका लागि खेलाडीहरुलाई जन्मदर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

च) सहभागी खेलाडी विद्यार्थीहरुको उमेरको विषयमा विवाद भएमा निजको कक्षा ८ को लब्धांक पत्रमा उल्लेखित जन्ममितिलाई आधार मानिनेछ।

छ) महंगा गरगहना, नगद, मोवाइल, घडी लगायतका सामग्री खेल अवधिभर साथमा राख्न नपाइने भएकोले सोही बमोजिम स्वयंमले व्यवस्थापन गर्नु पर्नेछ। यदि हराएमा, चोरी भएमा आयोजक जवाफदेही हुने छैन।

ज) खेल अवधीभरमा कुनै विवाद उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ।

झ) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७७ (पाँचौ संशोधन सहित) अनुसार हुनेछ।

प्रमोद यादव
शिक्षा अधिकृत

बोधार्थः

१. श्री सूचना तथा प्राविधि शाखा: *यो सूचना पालिकाको वेभ साइटमा अपलोड गरिदिनु हुन।*
२. श्री सबै वडा (१-७) कार्यालयहरु-सूचना सम्प्रेषण गर्नुहुन।

अनुसूची-१

# सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमूना

१. सहभागी विद्यार्थीको नामः

२. सहभागी विद्यार्थीको इमिस आइ.डि.नं.

३. विद्यालयको नाम/ठेगानाः

४. अध्ययनरत कक्षाः

५. जन्म मितिः

६. सहभागी हुने खेलः

७. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

खेलाडीको फोटो

उल्लेखित व्यवहोरा ठीक साँचो हो भनी प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यपकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकाश समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकाश समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| मोबाइल/ फोन नं. | मोबाइल/ फोन नं. | मोबाइल/ फोन नं. | मोबाइल/ फोन नं. |
| विद्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप |

*द्रष्टव्यः फारामसाथ खेलाडीको जन्मदर्ता प्रमाण– पत्रको प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।*

प्रमोद यादव
शिक्षा अधिकृत

सरावल गाउँपालिका स्तरीय अन्तर विद्यालय

# पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता–२०८२

छात्रा खेलाडी संख्याः
छात्र खेलाडी संख्याः
जम्मा खेलाडी संख्याः

विद्यालयको नामः..............................................................................

ठेगानाः .................................................................

मितिः

| क्र.स. | विद्यार्थीको नाम थर | कक्षा | जन्म मिति | ट्र्याक (दौड) इभेन्टस् | | | | | | | | फिल्ड इभेन्टस् | | | | | खेलकुद | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १०० मि. | २०० मि. | ४०० मि. | ८०० मि. | १५०० मि. | ३००० मि. | ४×१०० मि. रिले | ४×४००मि. रिले | हाइ जम्प | लङ्ग जम्प | ट्रिपल जम्प | जेभलिन थ्रो | सटपुट थ्रो | भलिबल | कबड्डी | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

खेलकुद शिक्षक/प्रशिक्षकको
नामः.......................................
दस्तखत

विद्यालयको छाप

प्रमोद यादव
शिक्षा अधिकृत

प्रधानाध्यापकको
नामः ...........................................
दस्तखतः